

## वार्षिक प्रतिवेदन

# वातावरण तथा विपद् व्यवस्थापन

## आ.व. २०८२/०८३


**तयार गर्ने:**

ज्ञानराज राई

सूचना प्रविधि अधिकृत

## विषयसूची


१.पृष्ठभूमि ..... 1

१.१. स्थानीय तहको संक्षिप्त परिचय ..... 1

१.२.सिलीचोङ गाउँपालिकामा पाउने वनस्पति तथा वन्यजन्तुको प्रजातिहरूः ..... 1

१.३ आ.व. २०८२/०८३ को समिक्षा ..... 1

२. विपद् जोखिम न्यूनीकरण सम्वन्धी व्यवस्थाः ..... 3

२.१ नीतिगत/कानूनी व्यवस्थाः ..... 4

२.२.पालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समितिः ..... 4

२.३ वातावरण तथा विपद् व्यवस्थापन समितिः ..... 4

२.४ गाउँपालिकास्तरीय द्रुत प्रतिकार्य टोली (RRT) ..... 4

३. आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न भएका मुख्या कार्यहरूः ..... 5

४. आ. व. २०८२/०८३ मा विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण ..... 5

४.१. राहत स्वरूपम अनुदान वितरणको विवरण ..... 5

४.२ विपद् व्यवस्थापन कोषबाट समग्र खर्च अवस्था ..... 6

५. विपद् सामग्रीहरूको विवरण ..... 7

६. सबल पक्षः ..... 9

७. कमजोर पक्षः ..... 9

८. अवसरः ..... 9

९.चुनौति ..... 10

१०.निश्कर्ष ..... 10

## १.पृष्ठभूमि

### १.१. स्थानीय तहको संक्षिप्त परिचय

सिलीचोङ गाउँपालिका नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३ साल फाल्गु २२ गतेको बैठकको निर्णय बमोजिम साविकका सिसुवाखोला (१-९), बाला (१-९), ताम्कु (१-९), माङ्तेवा (१-९) र याफु (१,४,९) वडा गरी ५ वटा गा.वि.स.हरू समावेश भई सिलीचोङ गाउँपालिकाको स्थापनाको उट्घाटन मिति २०७३ साल चैत्र ५ गते भएको हो।

नेपालको कोशी प्रदेश अन्तर्गत सङ्खुवासभा जिल्लाको १० वटा स्थानीय तहमध्ये सिलीचोङ गाउँपालिकाको क्षेत्रफल २९३.२६ वर्ग किलोमिटर रहेको छ।वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार सिलीचोङ गाउँपालिकामा जम्मा १०२९६ जनसंख्या रहेको छ, जसमा पुरूषको अनुपात ५०.६ र महिलाको अनुपात ४९.४ र जनघनत्व ३५ रहेको छ, साथै जम्मा परिवार संख्या २४९० रहेको र यो स्थानीय तहको साक्षरता प्रतिशत ८०.९ रहेको छ।

### १.२.सिलीचोङ गाउँपालिकामा पाउने वनस्पति तथा वन्यजन्तुको प्रजातिहरूः

**रूख प्रजातिमा :-** साल, खोटेसल्लो, लोठ्सल्लो, थिङ्ग्रेसल्लो,गोब्रेसल्लो, रानिसल्लो,जापानीसल्लो,, उतिस, पात्ले कटुस, मुसुरे कटुस, ढाल्ने कटुस,फलात, फिर्फिरे, बद्रास, सौर, कइजाल, पानीसाज, पाखेसाज, लामपाते, चिलाउने, धायारो,श्रीचाप, घोगे चाप, आउले चाप, ब्जालुचाप, चिलाउने,रुद्राक्ष, खिर्‍रो, मलातो, शिरीष, लप्सी, भोज्पत्र, बन पिपल, , काउलो।

**झाडिदार बुट्यान प्रजातिमाः-** धुपी, सुनपाती, गुरास,पर्लिङ्गो, चिमाल, सुनाल्हेर, आसारे, सिक्रेलोक्ता,अर्गेली लोक्ता, मालिङ्हो, काली मालिङो, सिङ्गाने, खोस्रे , घुडे, निङ्गाले, बादरे, झिङ्ुनी, बिलाउने, सुनगाभा, चुत्रो, सुनाखरी,अर्खोउलो, चुत्रो,

**जडिबुटी प्रजातिमाः-** इन्द्रेनी, पाच ओउले, जटामासी, पाखाम्बेद, चिराइतो, चिन्फिङ ठूलो ओखत्ती, सुनपाती, बिखुम्मा, बिष्जरा, सतुवा, बनलसुन , पदम्चाल, निर्मसी, देब्रे लहरा, भुत्केश, ताराकोपिला, माइकोपिला, यार्शागुम्बा, मुलापाते, कुखुरापङ्खि, खिरोउला।

**बन्यजन्तु प्रजातीमाः-** कालोभालु, रुख भालु, चितुवा, हिमचितुवा, चरिबाघ ,थार, झारल, मृग, घोरल ,श्याल, बँदेल, बादर, धेडु ,लाङुर, दुम्सी, माहज्क,सालक, सर्प, र रुख भ्यागुत्ता।

### १.३ आ.व. २०८२/०८३ को समिक्षा

सिलीचोङ गाउँपालिकाको भौगोलिक अवस्था भिरालो जमिन, कमजोर भू—बनोट, भू-प्राविधिक अध्ययन नगरी सडक खन्ने र नयाँ ट्र्याक ओपन गर्ने जस्ता क्रियाकलापले गर्दा विपद्को जोखिम बढेको अनुमान छ। रूख

जङ्गल फडानी गरी अलैची, चिराइतो जस्ता नगदेवालीको खेती गर्ने प्रचलनले भूक्षय प्रत्येक वर्ष भई पहिरोको जोखिम बढ्दै गएको देखिन्छ। सिसुवाखोला, नेवाखोला, संखुवाखोला जस्ता खोलामा वर्षाको समयमा आउने बाढी र माटो—ढुंगासहितको बाढीको जोखिम बढ्न सक्ने र खोलाको किनारमा बसोबास गर्ने जनता असुरक्षित देखन्छ।

मिति २०८३ साल असार १३ र १४ गतेको अविरल वर्षाको कारण सिलीचोङ गाउँपालिका वडा नं. १ सिसुवाखोलाको विभिन्न स्थानरहरूमा २०८३ साल असार १४ गते राति र बिहान गएको पहिरोबाट १४५ घर परिवार जोखिममा परेको छ भने पाँच घर परिवार पूर्णरूपमा विस्थापित भएको हुँदा प्रचलित कानून बमोजिम सुरक्षित स्थानमा पुनर्निर्माण वा पुनर्स्थापनाको लागि प्रक्रिया तत्काल अगाडी बढाउनुपर्ने अवस्था छ।ऐ.ऐ. वडामा सञ्चालित श्री कालिका मा.वि. नेवाटारको भवन पहिरोले क्षति पुऱ्याई सो विद्यालयमा भविष्यमा पठनपाठन गर्न नसक्ने अवस्था भएकोले अर्को सुरक्षित स्थानमा अस्थायी विद्यालय निर्माण गर्नुपर्ने भनी स्थानीय सरकारले निर्णय गरेको छ। साथै २०८३ साल असार १४ गतेको पहिरोले जोखिम पारिएका स्थानहरूः सिलीचोङ गाउँपलिका वडा नं. १ सिसुवाखोला स्थित तल्लो तेन्छोङ, माथिल्लो तेन्छोङ, होयेङला र चित्ला क्षेत्रमा श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट मिति २०८३ साल श्रावण ६ गतेदेखि ८ गतेसम्म प्रारम्भिक भूगर्भिक अध्ययन सम्पन्न भएको छ।यस कार्यालयको अभिलेख अनुसार आर्थिक वर्ष २०८२/०८३ मा जम्मा तीन वटा घर आगलागी भई पुर्णरुपमा क्षती भएको छ भने १ जना कुलो बनाउन जाँदा टाउको ढुङ्गा खरी मृत्यू भएको छ। यो आर्थिक वर्ष चटयाङ्गबाट मानवीय क्षती



भएको देखिन्दैन। बाली ,अलैची , कुलो, सिंचाई, खानेपानी लाइनमा भने धेरै मात्रामा क्षती पुगेको छ।



## २. विपद् जोखिम न्यूनीकरण सम्वन्धी व्यवस्थाः

विपद् जोखिम न्यूनीकरण ,खोज उद्दार, राहत सामग्री वितरण सम्वन्धी कार्यको यस पालिकामा रहेको विद्यमान अवस्था बुँढागत रूपमा तल प्रस्तुत गरिएको छ।

## २.१ नीतिगत/कानूनी व्यवस्थाः

- वातावरण तथा सरसफाई ऐन, २०८३
- खानेपानी सरसफाइ तथा स्वच्छता ऐन, २०८३
- पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३
- ऊर्जा विकास (उत्पादन, वितरण र नियमन) ऐन, २०८३

## २.२.पालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समितिः

पालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन समिति गाउँपालिका अध्यक्ष श्री भुपालराज राईको संयोजकत्वमा रहेको छ।

## २.३ वातावरण तथा विपद् व्यवस्थापन समितिः

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गणेश राई | संयोजक (वडा अध्यक्ष) | ९८६२३२७३१३ |
| २ | अमन कुमार राई | सदस्य | ९७४५२५१०७७ |
| ३ | अरिता राई | सदस्य | ९८४९९२६११५ |

## २.४ गाउँपालिकास्तरीय द्रुत प्रतिकार्य टोली (RRT)

- डा. अनिस लुइटेल (मेडिकल अधिकृत) ९८४४०४८०९२
- श्रद्धा राई (ज.स्वा.नि.) ९८४३००५१३२
- रोशनी कुलुङ( हे.अ.) ९८४००३६६९३
- नुदन श्रेष्ठ (अ.हे.व.)९८६२०६५७८१
- रविन्द्र महतो सुडी (ल्याव असिष्टेन्ट) ९८४४४३४६१४
- विनकाशी गुरूङ (अ.न.मि.) ९८६६३२२८३१

स्थानीय विपद् सहायता कक्ष सम्पर्क व्यक्तिः रमेश राई ९८५२०२३४९९

विपद् व्यवस्थापन फोकल पर्सनः ज्ञान राज राई ९८१८४६१६८९

## ३. आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न भएका मुख्या कार्यहरू:

- सिलीचोङ गाउँपालिका वडा नं. ४ मांतेवा बतन भएको श्री राम विक राईको घर मिति २०७९/१०/०६ गते आगलागीजन्य विपद्मा परी पुर्णरुपमा क्षति भई आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापन अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम निजी आवास अनुदानको लागि सम्झौता भई यस आर्थिक वर्षमा घर निर्माण सम्पन्न भएको छ। तर प्रदेश सरकार र संघीय सरकारबाट अनुदान रकमको किस्ता प्राप्त गर्न बाँकी रहेको छ।
- मिति २०८३ साल असार १४ गतेको दिन सिलीचोङ गाउँपालिका वडा नं. १ मा गएको बाढी पहिरोको कारण मानवीय बस्ति जोखिमपुर्ण देखिएकोले भविष्यमा उक्त क्षेत्रमा बसोबास गर्न उपयुक्त छ वा छैन भन्ने कुराको यकिन गर्नका लागि श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट खटिई आएको भू-गर्भिद टोलीबाट स्थलगत प्रारम्भिक भूगर्भिक अध्ययन सम्पन्पन भएको।
- मिति २०८३ साल असार १४ गतेको पहिरोबाट बिस्थापित र पूर्ण जोखिममा रहेको ५ घर परिवारको प्रचलित कानुन बमोजिम पुनर्निर्माण तथा पुनर्स्थापना लागि डाटा/तथ्याङ्क संकलन गर्न प्राविधिक कर्मचारी खटाएको।
- आ.व. २०८२/०८३ मा स्थानीय विपद् व्यवस्थापन समितिको बैठक संख्याः १

## ४. आ. व. २०८२/०८३ मा विपद् व्यवस्थापन कोषबाट भएको खर्चको विवरण

### ४.१. राहत स्वरूपम अनुदान वितरणको विवरण

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | विपद्को प्रकार | राहत नगद | राहत स्वरूप सामग्री | विपद्को मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विनोद राई | ३ | आगलागी | १०००० | १२२९० | २०८२/०९/१० | |
| २ | भविचन्द्र राई र शंकर राई | २ | बाढी/पहिरो | ० | १७४०० | २०८२/०४/२५ | ६ पिस त्रिपाल वितरण |
| ३ | नाक बहादुर राई | २ | आगलागी | १०००० | १९१३० | २०८२/०८/२८ | लत्ताकपडा, भान्साजन्य सामग्री र खाद्यन्न वितरण |
| ४ | मोहन राई | १ | आगलागी | १०००० | ० | २०८२/१०/०३ | |
| ५ | डुलेन्द्र राई | ३ | च्याङ्गबाट भैंसी | ३००० | ० | २०८२/०३/२९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मरेको | | | | |
| ६ | सिसुवाखोला तेन्छोङ र होयेङ्लामा बाढी पहिरो गई विद्यालय समेत क्षति पुगेको | १ | बाढी पहिरो | | | | सिसुवाखोला वडा कार्यालयले १५"x१८" को त्रिपाल २५ पिस लगेको र १८x२४ " को १५ पिस गरी जम्मा ४० पिस लगेको |
| **जम्मा** | | | | ३३००० | ४८८२० | | |

## ४.२ विपद् व्यवस्थापन कोषबाट समग्र खर्च अवस्था

| बिनियोजित बजेट रू | खर्च रू | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|
| २३,००,००० | १९,८५,९०४ | ८६.३४ | ३,१४,०९६ |

## ५. विपद् सामग्रीहरूको विवरण

| साग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|
| **Chain Saw Machine** | २ | २४" को सिसुवाटार प्रहरी चौकी र ताम्कु प्रहरी चौकीलाई हस्तान्तरण गरिएको। २०७७ सालमा |
| **Drill Machine** | १ | सिसुवाटार प्रहरीलाई हस्तान्तरण गरिएको |
| **Helmet Safety** | १२ | सिसुवाटार प्रहरी चौकीलाई हस्तान्तरण गरिएको |
| **बेल्चा (Belcha)** | २४ | १२ थान ताम्कु प्रहरी चौकी र १२ थान सिसुवाटार प्रहरी चौकीलाई २०७७/०५/१६ गते हस्तान्तरण गरिएको |
| **Gaiti** | ८ | ४ थान ताम्कु प्रहरी चौकी र४ थान सिसुवाटार प्रहरी चौकीलाई २०७७/०५/१६ गते हस्तान्तरण गरिएको |
| **कोदालो** | २० | १० थान ताम्कु प्रहरी चौकी र १० थान सिसुवाटार प्रहरी चौकीलाई २०७७/०५/१६ गते हस्तान्तरण गरिएको |
| **Balti** | ८ | सिल्भर बाल्टी ४ थान ताम्कु प्रहरी चौकी र ४ थान सिसुवाटार प्रहरी चौकीलाई २०७७/०५/१६ गते हस्तान्तरण गरिएको |
| **नाईलन डोरी** | २ | २० के.जि. को डोरी ताम्कु प्रहरी चौकी र २० के.जि. को डोरी सिसुवाटार प्रहरी चौकीलाई २०७७/०५/१६ गते हस्तान्तरण गरिएको |
| **spade** | १२ | झम्पल ६/६ थान ताम्कु प्रहरी चौकी र सिसुवाटार प्रहरी चौकीलाई |

| साम्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|
| | | २०७७/०५/१६ गते हस्तान्तरण गरिएको |
| Drill Machine | १ | १ set ताम्कु प्रहरी चौकीलाई हस्तान्तरण मिति २०७७/०५/१६ गते हस्तान्तरण गरिएको |
| Helmet Safety | १२ | मिति २०७७/०५/१६ गते ताम्कु प्रहरी चौकीलाई हस्तान्तरण गरिएको |
| Tripal / Pal | ५० | १५ x१८ " २००GSM को ५० पिस खरिद गरिएकोकोमा १० पिस बाला वडा कार्यालयले लगिसकेको। र सिसुवाखोला २५ पिस लकुवा १ पिस पहिरो व्यवस्थापन बाँकीः १४ पिस |
| Tripal / Pal | ३६ | १८x२४" २००GSM ३६ पिस खरिद गररएकोमा ६ पिस बाला वडा कार्यालयले र सिसुवाखोला १५ लगिसकेको। बाँकी १५ पिस मौज्दातमा रहेको। |
| Chain Saw Machine | १ | ७२CC को २०८३ साल जेठमा किनेको |
| Ambulance | १ | सिसुवाखोला स्वास्थ्य चौकीद्धारा सञ्चालित |
| Ambulance | १ | ताम्कु प्रथामिक केन्द्रद्धारा सञ्चालित |

## ६. सबल पक्षः

- पालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समिति र वातावरण तथा विपद् व्यस्थापन समिति सक्रिय हुनु।
- बार्षिक बजेट तथा कार्यक्रममा वातावरण तथा विपद् ब्यवस्थापन कोषमा प्रयाप्त बजेटको सनिश्चित गर्नु।
- प्राकृतिक प्रकोपले क्षति भएका सडक बाटाहरू व्याक्होलोडरले नियमित सफा र मर्मत गर्नु,
- द्रुत प्रतिकार्य टोलि (Rapid response team) क्रियाशिल हुनु,
- सङ्घीय सरकार तथा प्रदेश सरकारबाट समन्वय र सहकार्य निरन्तर हुनु,
- निजी क्षेत्र ,गैरसरकारी संघसंस्था तथा व्यक्तिबाट सहयोग प्राप्त हुनु,
- राजनीतिक दल तथा प्रतिनिधिहरू सक्रिय हुनु।

## ७. कमजोर पक्षः

- विपद् पूवर्वतयारी, प्रतिकार्य, खोज, उद्दार तथा राहतका लागि स्थानीय दक्ष जनशक्ति तथा उद्दरा सामाग्रीहरूको  अभाव हुनु ।

## ८. अवसरः

- जनप्रतिनिधिमूलक संस्था सहितको स्थानीय सरकार भएकाले विपद् प्रतिकार्य सम्बन्धी स्थानीय परिवेश बमोजिमको योजना निर्माण गर्न सकिने
- भौतिक पूर्वाधारको विकासको चरणमा रहेकाले विपद् संवेदनशील विकासमा जोड दिन सकिने
- संघ, प्रदेश र अन्य स्थानीय तहसँगको साझेदारीमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी समस्यसँग जुध्न सकिने ।
- भवन संहिता, पूर्वाधार संहिता कार्यान्वयनको सुरूवात गर्न सकिने ।
- विकास निर्माण सम्वन्धी योजना, कार्यक्रम तथा आयोजना संचालन गर्दा वातावरण संरक्षणलाई ध्यानमा राखी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्न सकिने।

## ९.चुनौति

- सडक, बिजुली, संचार, पानी जस्ता पूर्वाधार विकास दीगो र वातावरण अनुकूल बनाउनु,
- वातावरण मैत्री पूर्वाधारको विकास गर्नु।
- कमजोर भौगोलिक अवस्थाको कारण वर्षातको समयमा वारम्बार विपद् प्रकोपका घटनाहरू घटिरहुनु,
- विपद् जोखिम क्षेत्रबाट सुरक्षति स्थानमा वस्ति विस्तार गर्न नसक्नु।
- गुणस्तरीय र भरपर्दो सञ्चारको पहुँच सबैतिर नहुनु,
- सडक तथा भौतिक पूर्वाधारको पहुँचको अभावका कारण एम्बुलेन्स तथा अन्य यात्रुवाहक साधन नियमित चल्न नसक्नु,
- कृषीउपजमा कम उत्पादन, वादर, मृग, दुम्सी,घोरल,ढेडु, मुसा जस्ता जंगली जनवारले बालीनाली खाइदिने र कृषि बालीनाली उत्पादनमा ह्रास आउने भएकोले जीविकोपार्जनमा कठिनाई भई वनजंगल फडानी गरी अलैची चिराइतो जस्ता नगदे वाली लगाउने चलनले भू-क्षय भई वाढी पहिरो जान सक्ने।

## १०.निश्कर्ष

- नेपालको संविधानले प्रत्याभूत गरेबमोजिम विपद् व्यवस्थापन तीनै तहको अधिकारभित्र पर्ने भएको हुँदा विपद् पूर्वतयारी, प्रतिकार्य लगायतका क्रियाकलापमा सहकार्य गर्न उचित माध्यम/प्रणालीको विकास गर्न आवश्यक छ। विपद् व्यवस्थापनमा स्थानीय तहलाई वढी जोड दिन, सक्रिय बनाउन त्यही अनुसारको स्रोतको सुनिश्चित सङ्घीय सरकारले गर्न आवश्यक दखिन्छ।

प्रतिवेदक

नाम थरः ज्ञान राज राई

पदः सूचना प्रविधि अधिकृत

२०८३/०४/१८